३८ आ

आज मिति २०७६।११।१४ गतेका दिन धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

**तपशिलः**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री गोविन्द सुनार | प्रमुख प्रशासकीय अधिकृत |

धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुना, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

प्रमाणित
गोविन्द सुनार
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु :

१. स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम अन्तरगतको प्रशासकीय भवन माग सम्बन्धमा ।

२. योजना संसोधन सम्बन्धमा ।

३. लागत साझेदारी सम्वन्धमा

४"घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान सम्बन्धमा ।

५. रकम भुक्तानि सम्बन्धमा ।

६. छुट योजना सम्बन्धमा ।

७. मराङ्ग लघुजलविधुत को कुलो मर्मत सम्बन्धमा ।

८.भ्रमण अनुमोदन सम्वन्धमा ।

९.स्तर बृद्धि सम्वन्धमा ।

१०.विविध

निर्णय नं. १

प्रस्ताव नं. १ मा व्यापक छलफल गर्दा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, कार्यक्रम समन्वय इकाई ललितपुरको मिति २०७६/९/२४ को सूचना अनुसार स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम अन्तरगत यस गाउँपालिकाको नयाँ प्रशासकीय भवन आयोजनाको माग फारम भरी "स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"को दफा (३) उपदफा (१) बमोजिम कार्यक्रम समन्वय इकाई ललितपुरमा पठाउने निर्णय गरियो । साथै कार्यविधिमा तोकिएको लागत साझेदारी व्यहोर्ने सुनिश्चितता समेत गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ मा व्यापक छलफल गर्दा आर्थिक बर्ष २०७६/०७७ वार्षिक स्वीकृत कार्यक्रम अनुसार खानेपानी संरचना अन्तरगत "मच्छिम दलित बस्तीमा एक घर एक धारा" योजनामा रु ५,००,००० -/(अक्षररुपी पाँच लाख) विनियोजन भएकोमा खानेपानीको मुहानमा विबाद उत्पन्न भइ योजना सम्पन्न गर्न नसकिने भएकोले उक्त योजना संसोधन गरी "मच्छिम दलित बस्तीमा एक घर एक हिल ट्याङ्की वितरण" योजना राख्ने र उक्त योजनालाई आगामी गाउँसभा बाट संसोधन अनुमोदन गर्ने निर्णय गरियो ।

२.१ आ.व. २०७६।०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "सुनौला हजार दिनका आमासँग अध्यक्ष कार्यक्रम" मा रु १०,००,०००। (अक्षररुपी दस लाख) विनियोजन भएकोमा सुनौला हजार दिनका आमासँग अध्यक्ष कार्यक्रममा रु ५,००,००० -/(अक्षररुपी पाँच लाख) विनियोजन गरी उक्त कार्यक्रम यस गाउँपालिका अन्तरगत वडा नं. ६ र ७ मा सञ्चालन गर्ने । त्यस्तै बाँकी रहेको रु ५,००,००० -/(अक्षररुपी पाँच लाख) ले यस गाउँपालिका अन्तरगतको वडा नं. ३ र ४ मा स्वास्थथ वडा घोषणा गर्ने गरी WASH PLAN तयार गर्ने । उल्लेखित दुवै योजनालाई आगामी गाउँसभा बाट संसोधन अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि व्यापक छलफल गर्दा यस गाउँपालिकाका लागि स्वास्थ तर्फ प्राप्त सशर्त अनुदानको खोप क्लिनिक भवन निर्माणका लागि प्राप्त रकम ४,००,०००। (अक्षररुपी चार लाख रुपैया मात्र) र सामुदायिक विकास परियोजना कदम म्याग्दीबाट प्राप्त हुने रकक एकमुष्ठ गरी लागत साझेदारीमा ध.गा.पा. ७ मच्छिममा खोप क्लिनिक भवन .(गाउँघर क्लिनिक ) निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४.

प्रस्ताव नं. ४ मा व्यापक छलफल गर्दा "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउ भनि निवेदन पेस गर्नुभएका देहाय बमोजिमका कम्पनी/फर्म लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो । तपसिल

| क्र.स | निर्माण व्यवसायी कम्पनी/फर्मको नाम | ठेगाना | प्रोपाइटर | कैफियत |
|---|---|---|---|---|
| १. | योसुहारा निर्माण सेवा | ध.गा.पा. २ | ज्ञान बहादुर पाईजा | |
| २. | शुभ बिहानी कन्स्ट्रक्सन | ध.गा.पा ७ | रिम थापा | |
| ३. | शान्ति निर्माण सेवा | ध.गा.पा.३ | भोज बहादुर पुन | |

निर्णय नं. ५

प्रस्ताव नं. ५ मा व्यापक छलफल गर्दा गाउँकार्यापालिको कार्यलयमा पेस हुन आएको देहाबमोजिमको कार्यक्रमको खर्च बिल भरपाई अनुसार भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स | भुक्तानी दिने संस्थाको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १. | म्याग्देली विद्यार्थी परिवार | रु १,००,००० -/ | हाजीरी जवाफ प्रतियोगिता संचालन कार्यक्रमत्र |
| २. | धवलागिरी गाउँपालिका स्तरीय अपाङ्गता सञ्जाल | रु ३६,९८० -/ | अपाङ्गता समावेशी विकास सम्बन्धी अनुशिक्षण तथा सचेतना कार्यक्रम |
| ३. | लालयुग मासिक पत्रिका | रु १५,००० -/ | विज्ञापन छपाई |
| ४. | नव जनता साप्ताहिक पत्रिका | रु ६,००० -/ | सन्देशमुलक अपिल छपाई |
| ५. | प्रहरी चौकी मुना, ताकम | रु ३१,५६० -/ | सुरक्षार्थ खाना खर्च |
| ६. | गाडी भाडा | रु १,००,००० -/ | सामान ढुवानी |
| ७. | ऐन नियम छपाई | रु ५५,००० -/ | गाउँपालिकाको ऐन नियम छपाई |
| ८. | झोलुङ्गे पुल तालिम मा लागत साझेदारी | रु ४१,६८०। | झोलुङ्गे पुल तालिम लागत साझेदारी खर्च |
| ९ | सुक वहादुर वि.क | रु.४०,०००। | मिति २०७६।९।२१ को घटनामा मृतक वोकेको |

५.१ आ.व.२०७६।०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिका रहेको हालको कार्यालय वरिपरि घेरावार (कम्पाउण्डीङ्ग) गर्न रु ५,००,००० -/(अक्षररुपी पाँच लाख) विनियोजन गरिएकोमा उक्त रकमले अपुग भएकोमा आ.व.२०७६।०७७ को वार्षिक स्वीकृत कार्यक्रमबाट बिनियोजित "निर्मित सार्वजनिक संरचना मर्मत संभार खर्च " शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ मा व्यापक छलफल गर्दा आर्थिक बर्ष २०७६/०७७ स्वीकृत बार्षिक कार्यक्रममा र वडा नं. ३ बाट पेस भएको फलीया गाउँ सिद्धथान देखि भुमेथान सम्म पदमार्ग निर्माण योजना छुट भएकोले उल्लेखित योजना

थप गरी रु ५,००,००० -/(अक्षरुपी पाँच लाख) बजेट समपुरक कोषबाट विनियोजन गर्ने र कार्यान्वयन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ मा व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तरगतको वडा नं. ६ मराङमा रहेको मराङ लघुजलविधुत आयोजना कुलो भत्कीइ विधुत प्रसारण अबरुद्ध भएकोले सो योजना मर्मत गर्न समपुरक कोषबाट खर्च बेहोर्ने गरी रु ९,००,००० -/(अक्षररुपी नौ लाख रुपैया) विनियोजन गर्ने निर्णय गरियो साथै आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ मा व्यापक छलफल गर्दा आर्थिक वर्ष २०७६।०७७ मा जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमण कार्याक्रम स्वीकृत भएकोमा यही फागुन १ गतेदेखि ८ गते सम्म जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमण कार्याक्रम सम्पन्न गरि सकेकोले उक्त कार्याक्रम तथा भ्रमण अवधिलाई स्वीकृत गरी अनुमोदन गरीयो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ मा व्यापक छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय अन्तरगत पशु शाखामा कार्यारत कार्यालय सहयोगी श्री तारानाथ जैसीलाई प्रचलित ऐन,नियम बमोजिमको अवधि पुगेकोले नीजलाई कार्यालय सहयोगी पाँचौ स्तरका स्तरोन्नती गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १०.

प्रस्ताव नं. १० मा व्यापक छलफल गर्दा देहायका योजनालाई समपुरक कोषबाट खर्च बेहोर्ने गरी देहाय बमोजिमको बजेट विनियोजन गरियो ।

(क) मुदी,खाम्ला ट्रान्सफर्मर ढुवानी भाडा -: रु ५,००,००० -/(अक्षरुपी पाँच लाख रुपैया मात्र)

(ख) जनजागृती मा.वि; मल्कबाङको विद्यालय मर्मत -: रु १,५०,००० -/(अक्षरुपी एक लाख पचास हजार मात्र)

(ग) ताकम जेष्ठ नागरिक भवन मर्मत थप -: रु १,५०,००० -/(अक्षरुपी एक लाख पचास हजार मात्र)